**लुम्बिनी प्रदेश सरकार**

वन तथा वातावरण मन्त्रालय

**वन निर्देशनालय**

# डिभिजन वन कार्यालय कपिलबस्तु (कपिलबस्तु)

**तौलिहवा, नेपाल**

संकेतः सासावन

प.सं.:

मितिः २०८१/१२/११

च.नं.:

**बिषयः शिलबन्दी बोलपत्रबाट वनपैदावार लिलाम बिक्रिको सच्याइएको सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति - २०८१/११/२९

प्रस्तुत बिषयमा तपसिल बमोजिम घाटगद्दी भएको तपशिलमा उल्लेखित लटका वेवारिसे/मुद्दामा बरामद भएका वनपैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त सूचना मिति २०८१/११/२९ को पत्रिकामा समेत प्रकाशित गरिएको छ । मुल्य अभिबृद्दी कर वास्थायीलेखानम्बरमादर्ताभईडिभिजनवनकार्यालयमासूचिकृतभएकावनपैदावारमाआधारितइच्छुकउद्योगले मिति २०८१।१२।२० गते कार्यालय समय भित्र शिलबन्दी बोलपत्र खरिद गरी तोकिएको समय भित्र दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**१. लिलाम हुने वनपैदावारको बिवरण**

| वन पैदावारको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लट | जात | ग्रेड | थान | कुल परिमाण | इकाई | न्यूनतम मूल्य | संकलन खर्च रु. | घाटगद्दी |
| १ | साल | A | १२ | १२८.७६ | क्यु.फि. | १६०९५० | १५५८० | पटना |
| | | B | १२३ | ९३२.७२ | क्यु.फि. | ८३९४४८ | ११२८५९ | |
| | | C | ३५४ | १३०७.४ | क्यु.फि. | ७८४४५८ | १५८१९९ | |
| | | D | २१ | ३३.४ | क्यु.फि. | १००२० | ४०४१.४ | |
| | लट १ जम्मा | | | २४०२.३ | | १७९४८७६ | २९०६८० | |
| २ | साल | A | २१ | ३२८.६५ | क्यु.फि. | ४१०८१२.५ | ३९७६७ | पिपरा |
| | | B | ३९ | ३७२.९६ | क्यु.फि. | ३३५६६४ | ४५१२८ | |
| | | C | ३३ | १५७.२५ | क्यु.फि. | ९४३५० | १९०२७ | |
| | | D | ६ | १६.७९ | क्यु.फि. | ५०३७ | २०३१.६ | |
| | लट २ जम्मा | | | ८७५.६५ | | ८४५८६३.५ | १०५९५४ | |
| ३ | साल | ए | २ | ३१.५६ | क्यु.फि. | ३९४५० | ३८१८.८ | चेतरादेड |
| | | बि | ६ | ६५.१७ | क्यु.फि. | ५८६५३ | ७८८५.६ | |
| | | सि | ३५ | २०३.४० | क्यु.फि. | १२२०४० | २४६११ | |
| | | डि | २ | ४.८६ | क्यु.फि. | १४५८ | ५८८.०६ | |
| | खयर | | ९१ | २६९.५१ | क्यु.फि. | २६९५१० | ३२६११ | |
| | सिसौ | ए | १ | ७.६४ | क्यु.फि. | ५३४८ | ९२४.४४ | |
| | | बि | २१ | ७८.०० | क्यु.फि. | ३९००० | ९४३८ | |
| | सिरिष | ए | ३ | ४०.३५ | क्यु.फि. | ४०३५ | ४८८२.४ | |
| | | बि | १६ | ७१.६८ | क्यु.फि. | ७१६८ | ८६७३.३ | |
| | सिसौ | | ६६ | २३.१९ | क्यु.फि. | १६२३३ | २८०६ | |
| | असना | | ५ | १.१० | क्यु.फि. | ४४० | १३३.१ | |
| | लट ३ जम्मा | | | ७९६.४६ | | ५६३३३५.०० | ९६३७१.६६ | |
| ४ | साल चिरान | ए | ११८ | १६३.०५ | क्यु.फि. | २०३८०८ | १९७२९ | गोरुसिंगे |
| | लट ४ जम्मा | | | १६३.०५ | | २०३८०८ | १९७२९ | |
| ५ | साल | सि | ४ | ३५.१२ | क्यु.फि. | २१०७२ | ४२४९.५ | डि.व.का. |
| | साल चिरान | ए | ८८ | ७९.४६ | क्यु.फि. | ९९३२५ | ९६१४.७ | |
| | लट ५ जम्मा | | | ११४.५८ | | १२०३९७ | १३८६४ | |

२. माथि उल्लेखित पत्रिकामा सूचना प्रकाशित भएको मितिले २१ औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालय र वन सिर्दरकोलय,बुटवल,रुपन्देहीबाट बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागि प्रोप्राइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोप्राइटरको मन्जुरीनामा निवेदनका साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्र खरिद गर्दा निवेदन साथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाण-पत्र,फर्म दर्ता प्रमाणपत्र,कर दर्ता प्रमाण-पत्र,२०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्र,डिभिजन वन कार्यालयमा सूचीकृत पत्र ) पेश गर्नुपर्नेछ।

३. बोलपत्रको मूल्य रु १००० देखि ३००० सम्म-बोलपत्र फाराममा उल्लेख भए बमोजिम ।

४. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति २०८१/१२/२१ र समय १४.०० बजे सम्म। बोलपत्र जुन ठाउँबाट खरिद गरिएको सोही स्थानमा मात्र दाखिला हुनेछ ।

५. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको तौलिहवा स्थित रा.वा.वैंकमा रहेको प्रदेश धरौटी खाता नं ३११०१००२०२०३०००० (कार्यालय कोड ३२९०१४९०१५) मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा जारी ६ महिना बढीको बैंक जमानत पेश गर्नुपर्नेछ ।

६. लिलाम बढाबढ हुने वनपैदावार यस कार्यालयमा सम्पर्क राखी घाटगद्‌दी स्थानमा गई हेर्न सकिनेछ ।

७. बोलपत्रमा सकार गरेको रकम अँक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अँक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. सबै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्युनतम संख्याका र रितपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोल्ने बारेको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९. बोलपत्र खरिद गर्ने अन्तिम दिन बिदा परेमा बोलपत्र दर्ता गर्ने दिन दर्ता गर्ने समय भन्दा १ घन्टा अगावै बोलपत्र खरिद गरी तोकिएको समय भित्र दाखिला गर्न सकिनेछ र बोलपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परे कार्यालय खुलेको दिन तोकिएको समय भित्र बोलपत्र दर्ता गर्न सकिनेछ । बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दुबै दिन बिदा परे कार्यालय खुलेको पहिलो दिन बोलपत्र खरिद गरी दोस्रो दिन तोकिएको समय भित्र बोलपत्र दर्ता गर्न सकिनेछ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्लाबेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्लाबेग्लै खाममा शिलबन्दी गरी खामको बाहिर प्रष्ट लट नम्बर उल्लेख गर्नुपर्नेछ ।

११. लिलाम स्विकृत भएको जानकारी कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । सूचनाको जानकारी लिने दायित्व बोलपत्रदाताको हुनेछ । सूचना टाँस भएको मितिले ४५ दिन भित्र सकार रकम, संकलन खर्च र सो संवन्धी कर समेत बुझाई तोकिएको अवधि भित्र वनपैदावार उठाई [illegible]

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार संबन्धित निकायमा सुरक्षित रहनेछ ।